जनसचेतन इ बुलेटिन

JANASACHETAN E BULLETIN

वर्ष : ३ (तीन) अंक : ८ (आठ) पृष्ठ संख्या: ६ (छ) अवधि: श्रावण-असोज प्रकाशित मिति: २०८३ कार्तिक १५

३३ औं वार्षिक साधारण सभा सम्पन्न

■ जनसचेतन साकोस, दोलखा

२०८३ असोज ३०, शुक्रबार

जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि. को ३३ औं वार्षिक साधारण सभा असोज ३० गते शुक्रबार संस्थाको मुख्य कार्यालयको हल, मैनापोखरीमा सम्पन्न भएको छ । ५ वटा विभिन्न एकाइगत साधारण सभा र इकाइ प्रतिनिधिहरुको निर्णय प्रमाणित गर्ने सभासहित ६ वटा साधारण सभाका कार्यक्रम सम्पन्न भएको हो । पहिलो एकाइगत साधारण सभा नाम्दु संकलन केन्द्रको कार्यालय अगाडि, नाम्दुमा, दोस्रो एकाइगत साधारण सभा संस्थाको मुख्य कार्यालय, मैनापोखरीमा, तेस्रो एकाइगत साधारण सभा रोयल जडिबुटी ब्याइक्वेट, काठमाडौँमा, चौथो एकाइगत साधारण सभा कालिञ्चोक मा.वि. चरिकोटमा र पाचौं

बाँकी पृष्ठ ५ मा





रसुवाको बाढी पीडितको लागी सहयोग

■ जनसचेतन साकोस, दोलखा

२०८३ भाद्र १६, मंगलबार

जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि. ले रसुवाको भोटेकोशी नदीमा आएको विनाशकारी बाढीबाट प्रभावित परिवारको राहत, उद्धार तथा पुनःस्थापनाका लागि प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा २ लाख ५५ हजार ५ सय ५५ रुपैयाँ सहयोग गरेको छ ।

संस्थाको सञ्चालक समिति तथा लेखा सुपरीवेक्षण समितिले १ वटा बैठकबाट प्राप्त बैठक भत्ता, कर्मचारीहरूको दुई दिनको तलब



TRANSACTION ADVICE
(FUND TRANSFER)
connectIPS (Real-Time)

Date: Mon, Aug 31 2026

Debtor Information


Batch Id	260831-44047916	Bank Name	Prime Commercial Bank Limited
Debtor Account	05701000000003800196	Debtor Name	JANASACHETAN SACCOS
Debit Status	TRANSACTION SUCCESS (000)	Settlement Date	2026-08-31 16:20:13
Description	SUCCESS		

Creditor Information

Instruction Id	260831-44047916 1	EndToEnd Id	Help flood victims By Janasach
Bank Name	Rastriya Banijya Bank Limited	Branch Name	-
Creditor Account	1130100003782001	Creditor Name	PRIME MINISTER DISASTER RELIEF
Txn Amount	255555.00	Total Charge	8.00
Credit Status	TRANSACTION SUCCESS (000)	Txn Date	2026-08-31 16:20:13
Description	SUCCESS	Remarks	Help flood victims By Janasachetan SACCOS

बाँकी पृष्ठ २ मा

७ लाख ७९ हजार ७ सय ५० सहयोग रकम हस्तान्तरण



शीर्षक	जना	रकम रु.
आजीवन सहारा भत्ता	१४२	२२६,५००।००
स्वास्थ्य उपचार सहयोग	४	२०,०००।००
सुत्केरी स्याहारमा सहयोग	२७	५४,०००।००
सामाजिक संस्कार खर्च	१७	८५,०००।००
सदस्य सुरक्षा कोष	१६	३८५,०००।००
स्वास्थ्य बीमाको प्रिमियममा सहयोग	२३	९,२५०।००
जम्मा	२३९	७७९,७५०.००

२०८३ श्रावणदेखि असोज मसान्त सम्मा विभिन्न शीर्षकमा सहयोग मार्फत २ सय ३९ जना शेयर सदस्यहरुलाई ७ लाख ७९ हजार ७ सय ५० रुपैयाँ सहयोग हस्तान्तरण गरिसकिएको छ ।

सम्पादकीय

सदस्यहरुलाई साधारण सभाको महत्व

सहकारी संस्था सदस्यहरूको साझा स्वामित्व, सहभागिता र सहकार्यमा सञ्चालन हुने संस्था हो । सहकारीको वास्तविक मालिक यसका शेयर सदस्यहरू नै हुन् । सदस्यहरूको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकास गर्ने उद्देश्यले स्थापना भएका सहकारी संस्थालाई पारदर्शी, उत्तरदायी, व्यवस्थित र दिगो रूपमा सञ्चालन गर्न वार्षिक साधारण सभाको महत्वपूर्ण भूमिका रहन्छ ।

वार्षिक साधारण सभा केवल वर्षमा एकपटक आयोजना गरिने औपचारिक कार्यक्रम मात्र होइन, यो प्रत्येक शेयर सदस्यले आफ्नो अधिकार प्रयोग गर्ने, संस्थाको गतिविधिबारे जानकारी लिने र संस्थाको भविष्य निर्माणमा सहभागी हुने महत्वपूर्ण अवसर हो । साधारण सभामार्फत सदस्यहरूले संस्थाको वार्षिक प्रगति विवरण, आर्थिक अवस्था, आय-व्यय विवरण, वासलात, लेखापरीक्षण प्रतिवेदन, बचत तथा ऋण कारोबार र आगामी वर्षका नीति तथा कार्यक्रमबारे जानकारी प्राप्त गर्न सक्छन् ।

त्यसैगरी, संस्थाले विगत वर्षमा गरेका कामको समीक्षा गर्ने, उपलब्धि तथा कमजोरी पहिचान गर्ने र आगामी दिनमा सुधार गर्नुपर्ने विषयमा छलफल गर्ने अवसर पनि साधारण सभाले प्रदान गर्दछ । सदस्यहरूले आफ्ना जिज्ञासा, गुनासा, विचार तथा रचनात्मक सुझाव प्रस्तुत गरी संस्थालाई थप प्रभावकारी बनाउन सहयोग गर्न सक्छन् । सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति तथा व्यवस्थापनलाई जिम्मेवार र जवाफदेही बनाउन पनि सदस्यहरूको सक्रिय सहभागिता आवश्यक हुन्छ ।

साधारण सभामा सहभागी हुनु प्रत्येक शेयर सदस्यको अधिकार मात्र नभई संस्थाप्रतिको महत्वपूर्ण जिम्मेवारी पनि हो । आफ्नो लगानी सुरक्षित छ कि छैन, संस्था सही दिशामा अघि बढिरहेको छ कि छैन र सदस्यहरूको हितलाई प्राथमिकता दिइएको छ कि छैन भन्ने विषयमा जानकारी राख्नु प्रत्येक सदस्यको दायित्व हो ।

अन्ततः सहकारी संस्थाको सफलता सञ्चालक समिति र कर्मचारीको प्रयासले मात्र सम्भव हुँदैन । यसका लागि प्रत्येक शेयर सदस्यको सक्रिय सहभागिता, विश्वास, एकता, सहयोग र अपनत्व आवश्यक हुन्छ । त्यसैले सम्पूर्ण शेयर सदस्यहरूलाई वार्षिक साधारण सभामा सक्रिय रूपमा सहभागी भई आफ्नो संस्थाको अवस्था बुझ्न, आवश्यक सुझाव दिन र संस्थाको उज्ज्वल भविष्य निर्माणमा जिम्मेवार र साझेदार बन्न हार्दिक अनुरोध गर्दछौं ।

गजल

जनसचेतन



गीता रिमाल
वैतेश्वर गा.पा.–७, दोलखा
सदस्य नं: १५००८

२०५० सालदेखि दुःख सुखको बलियो सहारा बनेको छ
हाम्रो जनसचेतन साकोस आज सबैको चौतारी बनेको छ ।

मैनापोखरीबाट आज काठमाडौं र काब्रेको चोक चोकमा,
विपत्ति र अभावको बेला ओत दिने सहारा बनेको छ ।

गाउँगाउँमा बचत गर्ने र स्वाबलम्बी बन्ने बानी बसालेको छ,
त्यसैले त यो हरेक सदस्य र छिमेकीका लागि प्यारो बनेको छ ।

आर्थिक समृद्धिको यात्रामा यसले बोकेको ठूलो अभिभार छ,
गरिबी र अभावमा रहेकाहरुलाई त यो सुरक्षित किताब बनेको छ ।

अहोरात्र खटिने यो साझा चौतारी
सदस्यको उन्नति र प्रगतिको अचुक सहारा बनेको छ ।

समयमै आफ्नो नाममा रहेको ऋणको साँवा र ब्याज नियमित गरी एक असल सदस्यको पहिचान कायम गर्नुहुन अनुरोध छ ।

रसुवाको बाढी...

बराबरको रकम तथा बाँकी संस्थाको योगदानबाट उक्त रकम सहयोग गरेको हो ।

गत भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवा, नुवाकोट, धादिङ, गोरखा, तनहुँ, चितवन लगायत जिल्लामा ठूलो मानवीय तथा भौतिक क्षति भएको थियो ।

विपद्को यस कठिन समयमा पीडित परिवारको राहत तथा पुनःस्थापनामा सहयोग पुऱ्याउने उद्देश्यले रकम प्रदान गरिएको हो । संस्थाले बाढीमा ज्यान गुमाउनेप्रति श्रद्धाञ्जली व्यक्त गर्दै बेपत्ताको शीघ्र खोज तथा घाइतेहरूको स्वास्थ्य लाभको कामना समेत गरेको छ ।

संस्थाले विभिन्न किसिमका बाढी, पहिरो, तथा विभिन्न संकटमा मानवीय सहयोग र सामाजिक उत्तरदायित्वलाई निरन्तरता दिदै आइरहेको छ ।

हार्दिक श्रद्धाञ्जली

"आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो
इन्द्रै बिन्ती गरुन् झुकेर पाउमा त्यो बिन्ती मान्दैन त्यो ।"

यस त्रैमासिकमा संस्थामा आवद्ध देहायका शेयर सदस्यहरूको असामयिक देहावसान भएकोले हामी अत्यन्तै मर्माहित भएका छौं । यस दु:खद घडीमा दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोकाकुल परिवारप्रति धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भन्ने कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।






पुतली तामाङ
वैतेश्वर गा.पा.-३, दोलखा
सदस्य नं: ५२१९
मृत्यु मिति: २०८३/०४/१५



गोरे साकी
वैतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: ३८६८
मृत्यु मिति: २०८३/०४/१७



रुद्रमाया दहाल
वैतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: ८४२
मृत्यु मिति: २०८३/०४/२०



जय बहादुर दहाल
वैतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं:१९७८
मृत्यु मिति: २०८३/०४/२२



रमेश घिमिरे
वैतेश्वर गा.पा.-६, दोलखा
सदस्य नं: १९९६३
मृत्यु मिति: २०८३/०४/२२



सितामाया दहाल
वैतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: ८६३
मृत्यु मिति: २०८३/०४/२२



देविदत्त सुवेदी
वैतेश्वर गा.पा.-६, दोलखा
सदस्य नं: १०१३०
मृत्यु मिति: २०८३/०४/२३



रविन दहाल
वैतेश्वर गा.पा.-५, दोलखा
सदस्य नं: १६९१
मृत्यु मिति: २०८३/०४/२६



महेश गुरुङ
गौरीशंकर गा.पा.-५, दोलखा
सदस्य नं: ३४८५४
मृत्यु मिति: २०८३/०४/२९



गोपीलाल कामी
वैतेश्वर गा.पा.-६, दोलखा
सदस्य नं: ६९०९
मृत्यु मिति: २०८३/०५/०५



सितामाया खड्का
वैतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: ४९५
मृत्यु मिति: २०८३/०५/१०



भक्तमाया दहाल
वैतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: १०२०
मृत्यु मिति: २०८३/०५/११



मान बहादुर दहाल खत्री
वैतेश्वर गा.पा.-३, दोलखा
सदस्य नं: २५५०८
मृत्यु मिति: २०८३/०५/१७



तेन्जी शेर्पा
वैतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: ७५५८
मृत्यु मिति: २०८३/०५/२३



तोरल बहादुर पाण्डे
कालिञ्चोक गा.पा.-२, दोलखा
सदस्य नं: २७५६८
मृत्यु मिति: २०८३/०५/२४



सीता लामिछाने
वैतेश्वर गा.पा.-४, दोलखा
सदस्य नं: १२७२३
मृत्यु मिति: २०८३/०५/२५



विष्णुमाया खत्री
तामाकोशी गा.पा.-७, दोलखा
सदस्य नं: १०१५३
मृत्यु मिति: २०८३/०६/०३



सुनिता अधिकारी
वैतेश्वर गा.पा.-३, दोलखा
सदस्य नं: २१३०४
मृत्यु मिति: २०८३/०६/१४



तारानाथ उप्रेती
मेलुङ गा.पा.-१, दोलखा
सदस्य नं: १३१८१
मृत्यु मिति: २०८३/०६/१६



सूर्य बहादुर दमाई
कालिञ्चोक गा.पा.-४, दोलखा
सदस्य नं: ४१९५५
मृत्यु मिति: २०८३/०६/१७



मिलन जोगी
वैतेश्वर गा.पा.-३, दोलखा
सदस्य नं: ३५०८२
मृत्यु मिति: २०८३/०६/२१



टिकामाया खत्री
जिरी न.पा.-९, दोलखा
सदस्य नं: ३०२९८
मृत्यु मिति: २०८३/०६/२३

गोपालध्वज श्रेष्ठ
अध्यक्ष एवम्
जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.
परिवार



सफलताको कथा



सिरीध्वज गुरुङ
गौरीशंकर गा.पा.-५, सुरी, दोलखा
सदस्य नं: ३४८५१



दोलखा जिल्ला गौरीशंकर गा.पा. वडा नं. ५ सुरी बस्ने पिता डबल बहादुर गुरुङ र माता छत्रमाया गुरुङबाट वि.सं. २०२५ फाल्गुन ५ मा म सिरिध्वज गुरुङको जन्म भएको थियो । मेरो बाल्यकाल दोलखा जिल्ला गौरीशंकर गाउँपालिका सुरी आसपासमा नै बितेको थियो । मैले प्राथमिक शिक्षा हलेश्वर निम्न माध्यमिक विद्यालयबाट सुरु गरेँ । घरबाट माध्यमिक विद्यालय धेरै टाढाको दुरीमा थियो तर दुःख कष्ट संहाल्दै मैले कक्षा १२ सम्मको अध्ययन गरेँ, बुबाआमाको साथमा बसिरहेको भएपनि म घरको जेठो छोराको भुमिका निर्बाह गर्दै थिएँ त्यसपश्चात घरमा विहेको कुरो चल्दै गयो अन्तत रामेछाप स्थित शुशिला गुरुङको साथ विवाह भयो । विबाह पश्चात पनि क्याम्पस तहसम्मको अध्ययनलाई निरन्तरता दिने अवसर पाएँ । सवै परिवार गाउँमा नै खेती गरी जिविकोपार्जन गर्दै आउनु भएको थियो । खेतीपातीबाट केही महिना मात्र खान पुग्थ्यो । त्यसैले अब खेतीपाती मात्र गरेर हुँदैन अब केही नयाँ व्यवसाय गर्नुपर्छ, बालबच्चा पनि हुन्छन्, तिनीहरुलाई शिक्षादिक्षा दिनुपर्छ भन्ने सरसल्लाह भइरहेको थियो । गाउँमा बसेर अध्ययन गर्दै रोजगार पाउन सक्ने अबस्था थिएन । त्यसैले काठमाण्डौ गएर सामान्य होटल व्यवसाय गर्दै अध्ययनलाई समेत निरन्तरता दिने निधो गरे । मेरो बानी प्राय घुमफिर गर्दै समुहमा रमाइलो गर्न चाहाना भएकोले म व्यवसाय गर्ने क्रममा आन्तरिक तथा बाह्य पर्यटकसँग घुलमिल हुन पुगियो । पर्यटक संगै यात्रा गर्दै केही समय बित्यो । घुमफिर आनन्द त छदैँ थियो तर खर्च स्वभाविकै रुपले बढी हुने हुनाले बचत गर्न सकिने अवस्था रहेन । त्यसैले आफ्नो व्यवसाय र अध्ययनलाई समेत स्थगित गर्दै विदेश जाने सोचमा लागियो । त्यहिबेला यता शिक्षक सेवा आयोगको परीक्षा खुलेको थियो । पढाइ तयारी त खासै थिएन तैपनि सहभागी हुने इच्छा जाग्यो सहभागी भएँ । तैपनी विदेश जाने अन्तिम तयारी भएकोले विदेश गएँ । तर भाग्यबस आयोगमा नाम निस्केपछि लगभग १८ महिना पश्चात नेपाल फर्किएँ । आफ्नै गाउँमा शिक्षण पेशामा आबद्ध भएर जागिर गर्न लागियो ।

त्यस पश्चात गाउँको चार/पाँच जनासँग मिटर ब्याजको सय कडा ३/४ को पैसा लिई काठमाडौँमा घडेरी किन्ने बिचार गरेँ र सोही अनुसार ऋण लिई काठमाडौँमा घडेरी समेत लिएँ । त्यसपछि केही समयपछि काठमाडौँको जग्गाको भाउ नबढेपछि घाटा खाएर नै





जग्गा बेची सुमो गाडी किन्ने बिचार गरेँ र उक्त जग्गा घाटामा बेची सुमो गाडी किनेँ । यसरी गाडी किनेपछि ड्राइभरलाई मात्र जिम्मा दिई आफूले समय नदिएपछि दिनप्रतिदिन गाडी बिग्रने, गाडीको किस्ता तिर्न नसक्ने अझ त्यतिमात्र नभई ड्राइभरलाई समेत तलव दिन नपुगेपछि मैले उक्त गाडी बिक्री गर्ने निर्धो गरेँ । त्यस पश्चात गाडी बिक्री गरेँ ।

त्यसपछि गाउँका मानिसहरुसँग जग्गा खरिद गर्न सय कडा ३/४ मा लिएको ऋण दिनानुदिन बढ्दै गइ ब्याज बुझाउन नै कठिन अवस्था भएको थियो । यसैबिच मिति २०७८ सालको एक दिन जनसचेतन साकोसको कार्यक्रममा सहभागी हुने अवसर मिल्यो । त्यस कार्यक्रमबाट प्रेरित भई मैले सदस्यता लिएँ । अनि संस्थामा गई आफ्नो पीडा तथा भावी व्यवसायको योजना पेश गरी ऋणको लागि व्यवसायिक योजना पेश गरेँ । त्यस योजना अनुसार ऋण दिन संस्था मन्जुर भयो । त्यस पश्चात आफ्नो शिक्षण पेशा सँगसँगै संस्थाबाट केही रकम ऋण लिएर दोलखा जिल्ला गौरीशंकर गा.पा. वडा नं. ५ सुरीमा करिब १० रोपनी जग्गामा किबी खेती र आफ्नै घर सुरीमा स्टेशनरी पसल सुरु गरेँ । अहिले शिक्षण पेशा सँगै वार्षिक रुपमा किवी खेतीबाट ३ लाख र स्टेशनरी व्यवसायबाट २ लाख आम्दानी गर्ने गरेको छु । मेरो व्यवसायमा सुरुदेखि नै जनसचेतन साकोसको साथ र सहयोग भएको कारण मेरो सफलताको श्रेय जनसचेतन साकोसलाई नै दिन चाहान्छु । संस्थाले ममाथि गरेको साथ र सहयोगलाई जीवन्त राख्न नियमित रुपमा बचत गर्दै आइरहेको छु । ऋणको किस्ता पनि समयमा नै तिर्ने गरेको छु र संस्थाले प्रदान गर्दै आइरहेको छुटको सुविधा पनि लिने गरेको छु । संस्थाप्रति राम्रो छवी बनाएको कारण ऋण लिनको लागि अन्य वित्तीय संस्थामा धाउनु परेको छैन । मसँग सल्लाह माग्न आउनु हुने मेरो छिमेकी तथा साथीभाइहरुलाई सबै किसिमले जनसचेतन साकोस एक अब्बल संस्थाको रुपमा परिचित छ त्यसैले जनसचेतनमै सदस्य बन्न सल्लाह दिदै आइरहेको छु ।

अन्त्यमा भावी दिनमा जनसचेतन साकोस धेरैभन्दा धेरै सदस्यको मन मष्तिस्कमा बस्न सकोस्, सदस्य केन्द्रीय कार्यक्रमहरु क्रमशः वृद्धि र विस्तार गर्दै जाओस्, सदस्यको आवश्यकता अनुसारको कार्यक्रमहरु ल्याउँदै जाओस्, संस्थाको सेवाहरुलाई थप प्रविधिमैत्री बनाउँदै लगोस् । संस्थाको उन्नति र प्रगतिको कामना गर्दछु । धन्यवाद ।

३३ औं वार्षिक साधारण...



एकाइगत साधारण सभा सिंगटी हेलिप्याड, सिंगटी, दोलखामा सम्पन्न भएको थियो । पाँच एकाइगत साधारण सभाबाट मनोनित प्रतिनिधिहरु सम्मिलित निर्णय प्रमाणित गर्ने सभा शुक्रबार संस्थाको हल मैनापोखरीमा सम्पन्न भएको थियो ।

संस्थाका अध्यक्ष गोपालध्वज श्रेष्ठको अध्यक्षतामा सम्पन्न कार्यक्रममा प्रमुख अतिथि वैतेश्वर गाउँपालिकाका प्रमुख छवी लामा, अतिथिहरुमा वैतेश्वर गाउँपालिका वडा नं. ५ का वडा अध्यक्ष भुवन घिमिरे, जिल्ला सहकारी संघ, दोलखाका वरिष्ठ उपाध्यक्ष कृष्ण प्रसाद दहाल लगायतको उपस्थिति रहेको थियो ।

सहकारी विभागले जारी गरेको सहकारी संस्थाको साधारण सभा कार्यव्यवस्था निर्देशिका २०७६ अनुसार सबै एकाइगत साधारण सभाहरुमा कार्यसूचीहरु उपर छलफल तथा निर्णयहरु गर्दै एकाइगत साधारण सभाहरु सम्पन्न भएको थियो । एकाइगत सभाहरुले एकाइ सभाको निर्णय प्रमाणित गर्ने प्रतिनिधि चयन र एकाइ प्रतिनिधिहरुको निर्णय प्रमाणिकरण गर्ने सभाको प्रतिनिधिहरु समेत चयन गरेको थियो ।

संस्थामा कायम रहेको २६ हजार एक सय जना सदस्यहरु मध्ये एकाइ एकको सभामा ७९९५ जना मध्ये ४१२३ जना, एकाइ दुई सभामा ४२२१ जनामध्ये २१७४ जना, एकाइ तीनको सभामा ३२३१ जना मध्ये १८८९ जना, एकाइ चारको सभामा ५९२३ जनामध्ये ३०६६ जना र एकाइ पाँचको सभामा ४७३० जनामध्ये २४६० जना गरी जम्मा १३ हजार ७ सय २२ जना सदस्यहरुको उपस्थिति रहेको थियो । सभामा संस्थाको नीतिमा उल्लेखित विभिन्न १२ वटा विधामा ७ वटा लघुवित्त समूह सहित १ सय ४३ जना सदस्यहरुलाई जम्मा नगद १ लाख ९२ हजार सहित सम्मान गरेको थियो ।

त्यस्तै सभाले विभिन्न १६ वटा प्रस्तावहरु पारित गरेको छ । आ.व. २०८२/८३ को प्रगति प्रतिवेदन तथा गतिविधिहरु, वार्षिक नीति तथा कार्यक्रम र बजेट, लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन, बाह्य लेखा परीक्षकको लेखा परीक्षण प्रतिवेदन लगायत विषयहरु रहेका थिए ।

संस्थामा असोज मसान्त सम्मा सदस्य ३४ हजार चार सय ९० जना, शेयर पुँजी १६ करोड १७ लाख १ हजार ४ सय, संस्थागत पुँजी १८ करोड ९८ लाख, बचत १ अर्ब ८७ करोड, ऋण लगानी १ अर्ब ६९ करोड रहेको छ भने संस्थाको कुल सम्पत्ति २ अर्ब ६३ करोड ४० लाख रहेको छ ।





असोज मसान्तसम्मको वित्तीय विवरण

विवरण	रकम	विवरण	रकम/ संख्या
शेयर पूँजी रू.	१६,१७,०१,४००.००	कुल शेयर सदस्य संख्या	२६,३५७
जगेडा कोष रू.	१८,७४,७०,५४७.३०	कुल ऋणी सदस्य	३,००४
कुल बचत रू.	१,८७,५३,७१,७१२.०५	लगानीमा रहेको ऋण रू.	१,६५,४७,५६,१३३.१३
कुल संस्थागत पूँजी रू.	१८,५८,५८,४३४.६६	तरलता रकम र प्रतिशत	५६,०५,३७,२५६.८७ (२५.८५%)
विभिन्न कोषहरुमा जम्मा रू.	१४,७१,३६,४४३.३५	कुल सम्पत्ति रू.	२,६३,४०,७५,१५३.०१

दुई दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न

■ जनसचेतन साकोस, दोलखा
२०८३ श्रावण ११, सोमबार

जनसचेतन बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा आर्थिक वर्ष २०८२/०८३ को समीक्षा बैठक एवं चालु आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम कार्यान्वयनका लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ।

श्रावण ९ र १० गते सञ्चालक मुख्य कार्यालयमा सञ्चालन भएको उक्त कार्यक्रममा संस्थाको गत आर्थिक वर्षको कार्यसम्पादन, उपलब्धि, चुनौती तथा सुधार गर्नुपर्ने विषयहरूको समीक्षा गरिएको थियो। साथै चालु आर्थिक वर्षका लागि स्वीकृत नीति, कार्यक्रम, योजना तथा लक्ष्यहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विषयमा छलफल तथा अभिमुखीकरण गरिएको थियो।

संस्थाका अध्यक्ष गोपालध्वज श्रेष्ठको अध्यक्षतामा



सम्पन्न कार्यक्रममा संस्थाको संस्थागत विकास, वित्तीय अनुशासन, सदस्य सेवाको गुणस्तर अभिवृद्धि, बचत परिचालन, ऋण व्यवस्थापन, कर्जा असुली तथा आधुनिक प्रविधिमैत्री सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने विषयमा जोड दिइएको थियो। कार्यक्रमले संस्थाका नीति तथा कार्यक्रमलाई व्यवहारमा उतार्न, कर्मचारी तथा सम्बन्धित जिम्मेवार व्यक्तिहरूबीच कार्यगत स्पष्टता कायम गर्न र निर्धारित लक्ष्य प्राप्तिका लागि थप जिम्मेवार तथा प्रतिबद्ध भएर अघि बढ्न सहयोग पुग्ने अपेक्षा गरिएको छ।

कार्यक्रमका अध्यक्ष गोपालध्वज श्रेष्ठले आ.व. २०८३/०८४ को लागि निर्धारित लक्ष्य पूरा गरी संस्थालाई थप उचाइमा पुऱ्याई सदस्यहरुलाई प्रत्यक्ष लाभ हुने किसिमका कार्यक्रमहरु गरिने बताउनु भयो। त्यस्तै उहाँले विशेष गरी ऋण असुलीलाई पहिलो प्राथमिकतामा राखेर कार्य गर्न सम्पूर्ण कर्मचारीहरुलाई निर्देशन समेत दिनु भएको थियो। कार्यक्रममा संस्थाका सञ्चालक समितिका पदाधिकारी तथा सदस्य एवम् कर्मचारीहरुको सहभागिता रहेको थियो।



कार्यालय समय

बिहान ५:०० बजेदेखि ४:०० बजेसम्म

(कार्तिक १६ देखि माघ १५ गतेसम्म)

बिहान ५:०० बजेदेखि ५:०० बजेसम्म

(माघ १६ देखि कार्तिक १५ गतेसम्म)

इ-बुलेटिन सम्बन्धमा कुनै पनि सल्लाह सुझाव तथा पृष्ठपोषणहरु भएमा तलको QR Scan गरी दिन सक्नुहुनेछ ।

Scan me !

सम्पादन

- गोपालध्वज श्रेष्ठ, अध्यक्ष
- नवराज दहाल, प्रमुख कार्यकारी अधिकृत
- रमेश लामिछाने, सूचना प्रविधि अधिकृत